<u>प्रस्ताव एवं निर्णयहरु</u>

<u>प्रस्ताव नं. १- निर्माण सामाग्री लगायतका दररेट कायम गर्ने सम्वन्धमा</u>

प्रस्ताव नं. १ माथी छलफल गर्दा सरावल गाउपालिका क्षेत्रभित्र प्रयोग हुने निर्माण सामाग्री र र दक्ष, अदक्ष र अन्य कामदारको ज्यालाको दररेट जिल्ला दररेट समितिले पारित गरेबमोजिम हुने निर्णय गरियो ।

<u>प्रस्ताव नं. २ - महेशपुर भन्सार देखी पुर्वपश्चिम राजमार्ग को भुताहा सम्म को सडक चार लेनको बनाउन माग गर्ने सम्बन्धमा</u>

प्रस्तावउपर छलफल गर्दा नेपाल सरकारको महेशपुर भन्सार स्थापना गर्ने निर्णयको लागी धन्यवाद ज्ञापन गर्दै महेशपुर भन्सार देखी भुताहा पुर्वपश्चिम राजमार्गको भुताहा सम्म जोड्ने सडक सरावल गा.पा.को सिमाना भएर जाने भएकोले उक्त सडकको स्तरोन्नती गर्न आवश्यक देखिएकोले चार लेनको रुपमा स्तरोन्नती गर्नको लागी नेपाल सरकारका माननिय अर्थमन्त्री ज्यु मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ३ - गाउँपालिका महासंघको अधिवेशन सम्वन्धमा</u>

प्रस्ताव नं. ३ उपर छलफल गर्दा बुटवलमा मिति २०७५/०६/१५ र ऐ.१६ गते सञ्चालन हुन गईरहेको गाउपालिका महासंघको अधिवेशन को लागी वार्षिक शुल्क रु २५०००/- विविध खर्च शिर्षकवाट भक्तानी दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. ४ - उपभोक्ता समिति गठन र सुचिकृत सम्वन्धमा</u>

प्रस्तावउपर छलफल गर्दा सरावल गा.पा को तेश्रो गाउसभा द्वारा कार्यान्वयन हुने आयोजना तथा कार्यक्रमहरुको संचालनको लागी उपभोक्ता समिति गठन गर्न १ हप्ता भित्र कार्यतालिका बनाई सरोकारवालाको जानकारीको लागी सम्वन्धित स्थलमा पठाउने र सोको जानकारी गाउँ कार्यपालिकाको कार्यालयलाई गराउने निर्णय गरियो ।

<u>प्रस्ताव नं. ५ - घ वर्गको निर्माण व्यवसायको ईजाजत प्रदान गर्ने सम्वन्धमा</u>

प्रस्तावउपर छलफल गर्दा घ वर्गको निर्माण व्यवसायको ईजाजतको लागी प्राप्त भएको निवेदन मागबमोजिम तपशिलका निर्माण व्यवसायी हरुलाई ईजाजतपत्र प्रदान गर्ने निर्णय गरियो रामग्राम बालुवा प्रशोधन केन्द्र समेत दर्ता गर्ने निर्णय गरियो ।

तपशिल

| सि.नं. | नाम | ठेगाना |
|---|---|---|
| १ | लक्ष्मी निर्माण सेवा | सरावल -२ |
| २ | महाविर कन्स्ट्रक्सन | सरावल -५ |
| ३ | हर्षिता बिल्डर्स | सरावल -३ |
| ४ | के.ए.टी ईन्जिनियरिङ कन्सट्रक्सन | सरावल २ |
| ५ | प्रन्जिला कन्स्ट्रक्सन | सरावल १ |
| ६ | मनोहर कन्स्ट्रक्सन | सरावल २ |
| ७ | रामग्राम कन्सट्रक्सन | सरावल २ |
| ८ | जेनिथ कन्स्ट्रक्सन | सरावल ३ |

प्रस्ताव नं. ६- आन्तरिक लेखा परिक्षण सम्बन्धमा

प्रस्तावउपर छलफल हुदा सरावल गाउँकार्यपालिकाको कार्यालयको आ.ब. २०७४/०७५ को आन्तरिक लेखा परिक्षणवाट प्राप्त प्रतिवेदन उपर छलफल हुदा आन्तरिक लेखा परिक्षणवाट देखिएका कमिकमजोरी हरु सुधार गरी आगामी दिनमा नियमअनुसार आर्थिक कृयाकलाप सञ्चालन गर्दै प्राप्त सुझावहरु मनन गर्ने निर्णय गरीयो ।

प्रस्ताव नं. ७- सम्पन्न हुन नसकेको आयोजनाको म्याद थप सम्वन्धमा

प्रस्तावउपर छलफल हुदा समयमा सम्पन्न यस गा.पा भित्र सञ्चालित समयमा काम सम्पन्न हुन नसकेको तपशिलको आयोजनाहरुको म्याद देहायबमोजिम थप गर्ने निर्णय गरियो ।

| सि.नं. | नाम | ठेक्का नं. | ठेक्का अवधी | थप भएकोअवधी |
|---|---|---|---|---|
| १ | अफिस भवनको तल्ला थप | १/०७४/०७५ | २०७५/०२/१५ | २०७५/०७/३० |
| २ | अपाङ्ग तथा हेल्थपोस्ट भवन | २/०७४/०७५ | २०७५/०२/१५ | २०७५/०७/३० |
| ३ | थारु मिलन केन्द्र | ५/०७४/०७५ | २०७५/०३/२५ | २०७५/०७/३० |
| ४ | कुमारी स्मृति भवन | ७/०७४/०७५ | २०७५/०३/२० | २०७५/०७/३० |
| ५ | प्रधानमन्त्री कृषी आधुनिकिकरण परियोजना धान व्लक सञ्चालन समिति । | | २०७५/५/२५ | २०७५/०७/३० |

**प्रस्ताव नं. ८- दशैको अवसरमा आयोजना हुने फुटवल र सास्कृतिक कार्यक्रममा सहयोग अनुदान सम्वन्धमा**

प्रस्तावउपर छलफल हुदा दशैको अवसरमा सरावल-३, सरावलमा सञ्चालन हुने फुटवल तथा सास्कृतिक कार्यक्रममा खेलकुद खर्च शिर्षकवाट रु १,००,०००/-(एक लाख)खेलको आयोजक हिमालयन युवा क्लवलाई ~~अनुदान~~ सहयोग गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ - पोषणभत्ता वितरण कार्यविधी-२०७५ स्विकृत गर्ने सम्वन्धमा**

प्रस्तावउपर छलफल हुदा यसै गाउँपालिकाका उपाध्यक्ष उत्तमाकुमारी राय संयोजक रही २०७५/०५/०४ गते गठन भएको पोषणभत्ता प्रदान गर्नका लागी कार्यविधि मापदण्ड समितिले पेश गरेको पोषणभत्ता वितरण कार्यविधि-२०७५ स्विकृत गर्ने निर्णय गरियो ।